भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७८।७९
च.नं.: १३८८

मितिः २०७८/११/२०

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै),
भूमे गाउँपालिका, रुकुम (पूर्व)।

प्रस्तुत विषय सम्बन्धमा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुमकोट, रुकुम (पूर्व) बाट प्राप्त पत्र यसैसाथ संलग्न गरी पठाइएको छ । सो पत्रमा उल्लेखित कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, मुकाम बुटवलको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस रुकुम पूर्व जिल्लाको कृषि तथा पशुपन्छी सम्बन्धि विस्तृत तथ्याङ्क लिने कार्यक्रम भए बमोजिम सो कार्यका लागि आवश्यक पर्ने गणक छनौट गरी पठाउनुपर्ने भएकोले प्रत्येक वडाबाट १ (एक) जना योग्य ब्यक्ती छनौट गरी पठाई दिनुहुन अनुरोध छ।

२०७८/११/२०

.....................
(उपेन्द्र यादव)
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
फोन नं.०८८-४१३१७१
ईमेलः ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

रुकुमकोट, रुकुम पूर्व

पत्र संख्याः २०७८/०७९
चलानी नं.: ३३१

मितिः २०७८।११।१८ गते

विषयः गणक छनौट गरि पठाउने सम्बन्धमा।

श्री गाउँ कार्यपालिकाको कार्यालय,
सिस्ने गाउँपालिका, रुकुमकोट ।
भूमे गाउँपालिका, खावाङ्गबगर ।
पुथाउत्तरगङ्गा गाउँपालिका, तकसेरा, रुकुम पुर्व ।

प्रस्तुत विषयमा कृषि विकास निर्देशनालय, मुकाम बुटवलको च.नं.२६३ तथा मिति २०७८।११।१८ गतेको प्राप्त पत्रानुसार कृषि विकास निर्देशनालय र पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, मुकाम बुटवलको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस रुकुम पुर्व जिल्लाको कृषि तथा पशुपंक्षी सम्बन्धि विस्तृत तथ्याङ्क लिने कार्यक्रम भए वमोजिम सो तथ्याङ्क लिनका लागि गणक आवश्यक पर्ने भएकाले ताँहा पालिकाको प्रत्येक वडाबाट एक जना योग्य ब्यक्ति छनौट (गणक छनौट सम्बन्धि गाईडलाईनमा भएको ब्यवस्था आवश्यक जानकारीका लागि यसैसाथ सम्लग्न छ) गरि पठाई दिनका लागि हार्दिक अनुरोध छ ।

..............
(पिताम्बर) बरनेत
प्रमुख (अधिकृतस्तर आठौं)

**बोधार्थ**

श्री कृषि विकास निर्देशनालय, मुकाम बुटवल ।
श्री पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, मुकाम बुटवल ।

श्री पुराना शाखा
२०७८।११।१८

https://mail.google.com/mail/u/0/

https://mail.google.com/mail/u/0/

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

# कृषि विकास निर्देशनालय

मुकाम: बुटवल, रुपन्देही

फोन: ०७१-४२००४०
९८५७०२२०८३
वेबसाइट: doad.lumbini.gov.np
ईमेल: doad@lumbini.gov.np
फेसबुक पेज: https://www.facebook.com/doad.p5

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
रुपन्देही, नेपाल

पत्र संख्या: ०७८/०७९
चं.नं.: २६३

मिति: २०७८।११।१८

विषय: गणक छनोटका लागि समन्वय गर्नु हुन।

श्री कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.),
श्री एकिकृत कृषि तथा पशुपंछी विकास कार्यालय, रुकुम पूर्व।

उपरोक्त सम्बन्धमा यस निर्देशनालय र पशुपंछी तथा मत्स्य विकास निर्देशनालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार तहाँ दुई जिल्लाको कृषि तथा पशुपंछी सम्बन्धी विस्तृत तथ्यांक लिने कार्यक्रम रहेको व्यहोरा जानकारी गराउँछु । उक्त कामका लागि गणक नियुक्ति गर्नु पर्ने भएकाले सम्बन्धित स्थानीय तहले तहाँको प्रत्येक वडाबाट एकजना योग्य व्यक्ति छनोट गरी पठाउन पर्ने प्रावधान भएको (गणक छनोट सम्बन्धी गाईडलाईनमा भएको व्यवस्था आवश्यक जानकारीका लागि यसैसाथ संलग्न छ) हुँदा उक्त काममा लागि स्थानीय तहहरुसँग समन्वय गरी सहयोगका लागि पत्राचार गर्नु हुन निर्देशानुसार अनुरोध छ ।

आशा भण्डारी
कृषि प्रसार अधिकृत
कृषि प्रसार अधिकृत

बोधार्थ:
पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, लुम्बिनी प्रदेश, ।

**नमुना (पाइलट) अभियानमुखी तथ्याङ्क संकलन तथा अद्यावधिक कार्यक्रम अन्तर्गत तथ्याङ्क संकलन गाईडलाईन**

कृषि विकास निर्देशनालय र पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, लुम्बिनी प्रदेशको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेशको कुनै दुई जिल्लाको कृषिको बिस्तृत तथ्याङ्क लिने प्रयोजनका लागि नमुना (पाइलट) अभियानमुखी तथ्याङ्क संकलन तथा अद्यावधिक कार्यक्रम स्वीकृत गरिएको छ। देश संघीयतामा प्रवेश भएपश्चात ७ प्रदेश र ७७ जिल्लामा विभाजन हुने क्रममा साबिकका नवलपरासी र रुकुम दुई जिल्लाहरु दुई दुई भागमा विभाजन भई नवलपरासी ब.सु.प. र नवलपरासी ब.सु.पू. तथा रुकुम पूर्व र रुकुम पश्चिम छुट्टै जिल्लाहरु बन्न पुगे। टुक्रिएका दुई जिल्लाहरु नवलपरासी (ब.सु.प.) र रुकुम पूर्व लुम्बिनी प्रदेश अन्तर्गत पर्दछन्। साविकको पुरानो तथ्याङ्कलाई आधार मानी तयार पारिएको कृषि सँग सम्बन्धित तथ्याङ्कहरु अन्य जिल्लाहरु भन्दा छुट्टिएर बनेका यी दुई जिल्लाहरुमा पुनरावलोकनको बढी आवश्यकता भएको हुँदा चालु आ.व.को कार्यक्रम यिनै जिल्लाहरुमा सञ्चालन गर्न उपयुक्त देखिएकाले उक्त दुई जिल्लाहरुमा सञ्चालन गरिनेछ ।

कार्यक्रम सञ्चालनका लागि "कृषि तथा पशुपंछी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" मा आधार र बिधिहरु उल्लेख भएको छ। कार्यबिधिमा उल्लेखित विधिहरुमा थप विस्तृतिकरणको आवश्यकता भएकाले कार्यक्रम सञ्चालनलाई सरल र सहज बनाउनका लागि यो गाईडलाईन तयार पारिएको छ । यो कार्यक्रम कृषि विकास निर्देशनालय र पशुपंछी तथा मत्स्य विकास निर्देशनालय दुबै कार्यालयमा रहेकोले कृषि तथा पशुपंछी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १३ मा भएको व्यवस्था बमोजिम कृषि विकास निर्देशनालय र पशुपंछी तथा मत्स्य विकास निर्देशनालयबाट संयुक्त रुपमा यो गाइडलाइन तयार गरिएको छ र मन्त्रालयको सहमति पछि यो गाईडलाईन लागु हुनेछ।

कार्यक्रम सञ्चालनको प्रकृया तपसिल बमोजिम हुनेछ।

१. प्रश्नावली तयारी तथा validation
२. गणकको छनौटतथा अभिमुखीकरण तालिम
३. गणक परिचालन तथा तथ्याङ्क संकलन
४. तथ्याङ्क प्रविष्टि तथा विश्लेषण
५. Preliminary report preparation & Report validation
६. कृषि तथ्याङ्क प्रतिवेदन तयारी तथा प्रकाशन

१. फर्मेट तयारी तथा validation

- निर्देशनालयले तयार गरेको प्रारम्भिक प्रश्नावली उपर मन्त्रालय, निर्देशनालयका प्रतिनिधिहरु र तथ्याङ्क बिज्ञहरु समेतको उपस्थितिमा validation workshop गरी प्रश्नावलीलाई अन्तिम रुप दिने र कार्यक्रम व्यवस्थापन समितिबाट स्वीकृत गर्ने।

२. गणक छनौट तथा अभिमुखीकरण तालिम

- गणक छनौटका लागि जिल्ला स्थित कार्यालय कृषि ज्ञान केन्द्रको सहयोग लिईनेछ।
- जिल्ला स्थित कार्यालयले सम्बन्धित स्थानीय तहहरुमा पत्राचार गरी यस कार्यको लागि इच्छुक कम्तिमा एस.इ.इ. वा सो सरह उत्तिर्ण (जे.टि./जेटि.ए.कोर्ष गरेकालाई प्राथमिकता दिने गरी) भई १८ वर्ष पुरा भएको र ५० वर्ष ननाघेको सम्बन्धित वडाको व्यक्ति (नेपाली नागरिक) प्रत्येक वडाबाट न्यूनतम एक जनाका दरले वा पत्रमा माग गरिएको संख्यामा नबढ्ने गरी छनौट तथा सिफारीस गरी पठाउनेछ ।
- छनौट गरिएका गणकहरुलाई सम्बन्धित निर्देशनालयले सम्झौता गरी परिचालन गर्नेछ।
- लागत अनुमानका आधारमा तोकिएका अवधिसम्मको पारिश्रमिक उपलब्ध गराउने। यसमा उल्लेख नभएका विषयहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

सिनियर निर्देशक

याम नारायण देवकोटा

- यस सम्बन्धि निर्णयहरु निर्देशनालयमा रहेको अनुदान व्यवस्थापन समितिले गर्नेछ र आवश्यक भएमा कुनै कामको जिम्मा उपसमिति बनाई वा कुनै अधिकृतलाई दिन सक्नेछ ।

३. गणक परिचालन तथा तथ्याङ्क संकलन

- कार्यालयले गणकको छनौट पश्चात् अभिमुखीकरण तालिम दिनेछ र सम्झौता गरी प्रश्नावली बुझाई काममा खटाईनेछ ।
- गणकको पारिश्रमिकको दर दैनिक रु १०००।०० एक हजार प्रति व्यक्ति हुनेछ र गणकले तराईमा न्यूनतम ३०फर्मेटर पहाडमा न्यूनतम २० फर्मेट प्रतिदिन भर्नु पर्नेछ ।
- कार्यालयले उपलब्ध गराएको प्रश्नावली स्पष्ट बुझिने गरी गणकले पुरा भरेको हुनु पर्नेछ ।तथ्याङ्क विवरण लिंदा सम्बन्धित घरको व्यक्तिसँगै लिनु पर्नेछ ।
- कार्यालयले तथ्याङ्क संकलनको काम सकेसम्म एक महिनामा सकिने गरी गणकको संख्या व्यवस्थापन गर्नु पर्नेछ।
- मन्त्रालय, निर्देशनालय तथा मातहत कार्यालयबाट तथ्याङ्क संकलनको निरन्तरअनुगमन हुनेछ ।

४. तथ्याङ्क प्रविष्टि तथा विश्लेषण

- गणकहरुबाट प्रश्नावली भर्ने काम सम्पन्न भएपछि सम्बन्धित जिल्ला स्थित कार्यालयमा संकलनको काम गरिनेछ ।तत्पश्चात निर्देशनालयले सङ्कलन गर्नेछ।
- संकलित तथ्याङ्कको कम्प्यूटर ईन्ट्री गर्ने कामका लागि छोटो समयका लागि जनशक्ति भर्ना गरी काममा लगाउने वा कुनै ईन्स्टीच्यूटबाट सेवा खरिद गर्न सकिनेछ वा प्रति प्रश्नावलीको प्रबिष्टीको दर तोकी कुनै व्यक्तिलाई काममा लगाउन सकिनेछ ।उक्त कामका लागि कार्यालयले उपलब्ध जनशक्ति पनि परिचालन गर्न सक्नेछ ।यस सम्बन्धी अन्तिम व्यवस्था कार्यक्रम व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।
- तथ्याङ्क विश्लेषणका लागि उपयुक्त विधि छनौट गरिनेछ।

५. Preliminary report preparation & Report validation

- निर्देशनालयले प्रारम्भिक रिपोर्ट तयार गर्नेछ र मन्त्रालयले validation मा सहजिकरण र सहयोग गर्नेछ।

६. कृषि तथ्याङ्क प्रतिवेदन तयारी तथा प्रकाशन

- तथ्याङ्क पुष्टिकरण (validation) पश्चात प्रतिवेदनलाई अन्तिम रुप दिई कम्प्यूटर प्रिन्टमा तथ्याङ्क प्रकाशन निर्देशनालयले गर्नेछ।छापाखानाबाट प्रकाशनका लागि मन्त्रालयले सहयोग गर्नेछ ।

विभिन्न कृयाकलाप अन्तर्गत खर्च गरिने बजेटको बाँडफाँट कार्यक्रम व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ। आवश्यक परेका कृयाकलापहरुमा दुबै निर्देशनालयले सहकार्य गर्न सक्नेछन्। थप स्पष्टता र व्याख्या आवश्यक भएमा निर्देशनालयको कार्यक्रम व्यवस्थापन समितिले गर्नेछ। उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

११।२

निमित निर्देशक

२०७८।११।२८

याम नारायण देवकोटा